स्थानीय सरकार
# हेलम्बु गाउँपालिका
## कृषि विकास शाखा
हेलम्बु, सिन्धुपाल्चोक।
बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्याः २०८१/८२
सूचना नं.: ११ (कृषि विकास शाखा)

स्थानीय सरकार हेलम्बु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हेलम्बु, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

**खाद्यान्न (मकै) बालीको ५०% मूल्य अनुदानमा उन्नत बीउ वितरण कार्यक्रम सम्बन्धी सुचना।**

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/११/०२ गते)

हेलम्बु गाँउपालिका कृषि विकास शाखाको वार्षिक स्वीकृत संघिय सशर्त अनुदान कार्यक्रम अन्तर्गत आ.व. २०८१।८२ मा सञ्चालन गर्नुपर्ने **खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा मूल्य अनुदान कार्यक्रम** कार्यान्वयनको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि विभाग हरिहरभवन ललितपुरको मिति २०८१।१०।३० गते च.नं ३८५ को प्राप्त पत्रानुसार मकैको उन्नत बीउको उपयोगमा मूल्य अनुदान कार्यक्रम बीउ विजन उत्पादन आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ वमोजिम सञ्चालन हुने गरि यस गाँउपालिका भित्रका ईच्छुक कृषक/कृषक समूह/ कृषि फर्म तथा सहकारीहरुले तपसिल अनुसारको प्राविधिक प्रावधानहरु सुनिश्चित गरि **नेपालमा विकास भई सुचिकृत वा पञ्चिकृत जातको मकैको उन्नत बिउ खरिद गरि ५०% रकम भुक्तानिको लागि** गाउँपालिकाको कृषि विकास शाखामा फाल्गुण मसान्तभित्र निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

| खरिद गर्ने ठाउँबाट लिनुपर्ने कागजातहरु | रकम भुक्तानिको लागि आवश्यक कागजातहरु |
|---|---|
| १. बीउ व्यवसाय अनुमतिपत्रको प्रतिलिपि तथा नविकरण<br>२. स्रोत बीउ खरिद गरेको स्रोत तथा परिमाण<br>३. बीउको सम्पूर्ण विश्लेषण (उमारशक्ति, भौतिक शुद्धता तथा चिस्यान) परिक्षण भएको<br>४. टयाग तथा लेवल भएको। | १) बीउ खरिद गरेको सक्कल बिल, भर्पाई र रंगिन फोटो<br>२) खरिद गरि प्रयोग भएको भनि वडाबाट प्रमाणित सिफारिस<br>३) सम्बन्धित व्यक्तिको नागरिकता, तिरो तिरेको रसिद<br>४) समूह सहकारिको हकमा दर्ता नविकरण प्रमाणपत्र करचुक्ता प्रमाणपत्र र प्यान नं<br>५) भुक्तानिको लागि निवेदन र बैकं खाता चेक नं। |

नोटः खरिद गर्दा दररेट अनुसारको ५०% रकम प्रतिकिलो बापत रु. ६५/- मात्र भुक्तानी हुनेछ साथै सम्पूर्ण प्राविधिक प्रावधानहरु पूरा गरेको हुनुपर्ने र हेलम्बु गाँउपालिकामा खेति हुने जातहरुको बीउ खरिद गर्नुपर्ने छ।

(थप जानकारीको लागिः ९८६२२०७८७३, ९८६०१६८१२०, ९८४१०९५६७०)

२०८१/११/०२
नि. प्रमुख प्रशासकीय अधिकृत